# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, चैत १ गते २०५२ साल (पूर्वातिरिक्ताङ्क ४८ (ङ)

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

मतदाता नामावलीसम्बन्धी नियमावली, २०५२ को नियम २० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले २०५१ साल चैत्र मसान्तसम्ममा १८ वर्ष पूरा गरी मतदाता हुन योग्यता पुगेका व्यक्तिहरूको पारिवारिक लगत २०५२ साल वैशाख महिनामा संकलन गरी तयार गरिएको मतदाता नामावलीलाई २०५२ साल चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा गरी कानूनबमोजिम मतदाता हुन योग्यता पुगेका व्यक्तिहरूका नामावलीमा समावेश गरी अध्यावधिक गर्न यो आदेश जारी गरेको छ।

### सूचना २

मतदाता नामावलीसम्बन्धी नियमावली, २०५२ को नियम ३ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले २०५२ साल वैशाख महिनामा पारिवारिक लगत संकलन गरी तयार गरिएको मतदाता नामावलीलाई अध्यावधिक गर्ने प्रयोजनको लागि २०५२ साल चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा गरी कानून बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरूको नाम तथा अन्य विवरणलाई प्रत्येक मतदाताको घर दैलोधा पुगी संकलन गर्न सहायक नाम दर्ता अधिकारी तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
निर्वाचन आयोगको सचिव

मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

८४५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।